# केवुल नवीकरण गर्दा अपनाउनु पर्ने
# कार्यविधि (Manual)

राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १६ को उपनियम (१,२,३,४) बमोजिम केवुल प्रसारणको इजाजतपत्र नवीकरण गराउंदा देहायका कार्यविधि अपनाउनु पर्नेछ ।

१) केवुल प्रसारण कम्पनी/संस्थाले राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १६ को उपनियम २ बमोजिम अनुसूची ८ मा तोकिएको ढांचामा जिल्ला हुलाक कार्यालयमा आषाढ मसान्त भित्र नवीकरणको लागि निवेदन गर्नु पर्नेछ ।

निवेदनको ढांचा :

## अनुसूची ८
(नियम १६ को उपनियम (२) संग सम्वन्धित)

## इजाजतपत्र/अनुमतिपत्रमा नवीकरणको लागि दिइने निवेदन

श्री ..................................,
..................................।

मैले/ हामीले मिति ................................ मा प्राप्त गरेको इजाजतपत्र/अनुमतिपत्रको अवधि मिति ........................ मा समाप्त हुने भएकोले सो इजाजतपत्र/अनुमतिपत्र नवीकरण गर्नका लागि नियमानुसार लाग्ने दस्तुर र इजाजतपत्र/अनुमतिपत्रको सक्कल प्रति समेत संलग्न गरी यो निवेदन गरेको छु/छौं ।

निवेदकको

सही:
नाम:
ठेगाना:
मिति:

२) निवेदन साथ देहाय बमोजिमको दस्तुर वुझाएको सक्कल भौचर र कागजातहरु संलग्न गर्नु पर्नेछ :

स्याटेलाइट वा केवुल सम्वन्धी संचार माध्यमद्धारा कार्यक्रम प्रसारण गर्न र नवीकरण गर्नको लागि दस्तुरको बिबरण (नियम १६ (३)अनुसूची ५ (ख) को १ र २)

(क) ५०० लाइन क्षमतासम्मको केवुल नेटवर्क नवीकरणको लागि इजाजतपत्र वापत लाग्ने दस्तुर रु.५०००। र सोमा थप १०% समेत गरी जम्मा रु. ५५००। नवीकरण दस्तुर लाग्ने ।

(ख) २५०० लाइन क्षमतासम्मको केवुल नेटवर्कको लागि इजाजतपत्र वापत लाग्ने दस्तुर रु. २०,०००। र सोमा थप १०% समेत गरी जम्मा रु. २२,०००।नवीकरण दस्तुर लाग्ने

(ग) ५,००० लाइन क्षमतासम्मको केवुल नेटवर्कको लागि इजाजतपत्र वापत लाग्ने दस्तुर रु. ३०,०००। र सोमा थप १०% समेत गरी जम्मा रु. ३३,०००।नवीकरण दस्तुर लाग्ने

(घ) १०,००० लाइन क्षमतासम्मको कवुल नेटवर्कको इजाजतपत्र वापत लाग्ने दस्तुर रु. ५०,०००। र सोमा थप १०% समेत गरी जम्मा रु. ५५,०००।नवीकरण दस्तुर लाग्ने

(ङ) १०,००० लाइन क्षमता भन्दा बढी जतिसुकै क्षमताको लागि इजाजतपत्र वापत लाग्ने दस्तुर रु. १,००,०००। र सोमा थप १०% समेत गरी जम्मा रु. १,१०,०००।नवीकरण दस्तुर लाग्ने ।

<u>दष्ट्रव्यः-</u>

माथि उल्लेखित नवीकरण दस्तुर जम्मा गर्नको लागि प्रत्येक जिल्लामा जिल्ला हुलाक कार्यालयको नाममा सरकारी कारोवार गर्ने वैंकमा राजश्व शिर्षक नं. १-१-७-७० मा जम्मा गरेको दोस्रो प्रति भौचर निवेदन साथ संलग्न हुनु पर्नेछ । त्यस्ता प्राप्त भौचरहरुवाट भएको राजश्व आम्दानी सम्वन्धीत हुलाक कार्यालयले नै आम्दानी वाधी राजश्व अभिलेख राख्नु पर्नेछ । साथै राजश्व आम्दानीको विवरण अनिवार्य रुपमा प्रत्येक महिनामा अनुसूची १ र २ को ढांचामा मन्त्रालयमा पठाउनु पर्ने छ ।

<u>नवीकरणको लागि निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुको बिबरणः-</u>

(क) राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ (१) बमोजिम वुझाउनु पर्ने अघिल्लो आ.व.सम्म को लेखापरिक्षण प्रतिवेदनले देखाएको कूल आयको ४% प्रतिशतले हुने रकम प्रसारण तथा वितरण शुल्क (रोयल्टी) राजश्व खाता नं. १-१-१०-१९ मा वुझाएको दोस्रो प्रति सक्कल भौचर ।

(ख) नियम ८ (क) बमोजिम प्रसारण संस्थासंग लिएको सहमति वा संझौताको प्रमाणित प्रतिलिपि ।

(ग) पे-च्यानलका आधिकारिक वितरकसंग भएको संझौता र भुक्तानी गरेको रकमको विवरण ।

(घ) भ्याट तथा टि.डि.एस. वुझाएको अध्यावधिक लगतको प्रमाणीत प्रतिलिपि ।

(ङ) पछिल्लो आर्थिक वर्षको आधिकारिक लेखापरिक्षकवाट भएको लेखापरिक्षण प्रतिवेदन ।

(च) नेपाल विद्युत प्राधिकरण र नेपाल दूरसंचार कम्पनी लिमिटेडसंग पोल प्रयोग गर्न भएको संझौता र भुक्तानीको विवरण सहितको प्रमाणित प्रतिलिपि ।

३) आषाढ मसान्त भित्र निवेदन सहित दस्तुर वुझाएको भौचर पेश हुन नआएमा राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम १६ (४) बमोजिम पहिलो एक महिनासम्मको लागि दश प्रतिशत, दोस्रो एक महिनासम्म बीस प्रतिशत, तेस्रो एक महिनासम्म तीस प्रतिशत, चौथो एक महिनासम्म चालीस प्रतिशत, पांचौ एक महिनासम्म पचास प्रतिशत र छैठौं एक महिना सम्म शत प्रतिशत जरिवाना समेत लिई त्यस्तो इजाजतपत्र तथा अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ । ६ महिनाभित्र पनि इजाजतपत्र वा अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र स्वत: रद्द हुनेछ ।

४) यसरी इजाजतपत्र स्वत: रद्द भएमा नेपाल सरकारले पाउनु पर्ने राजश्व (रोयल्टी तथा नवीकरण शुल्क, भ्याट तथा कर) सम्वन्धीत हुलाक कार्यालयले असुल गरी सो को अभिलेख राखी मन्त्रालय समेतमा जानकारी गराई फाईल तामेलीमा राख्नु पर्नेछ ।

५. स्वीकृत लेखा परिक्षण प्रतिवेदनमा खुलाउनु पर्ने र पेश गर्नु पर्ने विवरणहरु:

(अ) कुल ग्राहक संख्या, मासिक शुल्क जडान खर्च र जम्मा आम्दानी खुलेको विवरण र अनुसूचीमा समेत मासिक आम्दानी खुलेको हुनु पर्ने ।

(आ) रोयल्टी रकम किटान गर्दा प्राप्त हुन आएको स्वीकृत लेखा परिक्षण प्रतिवेदनवाट देखिएको कुल आयको ४ % प्रतिशतले हुने रकम किटान गरी राजश्व खाता नं. १-१-१०-१९ मा वुझाउन लगाई सोको दोस्रो प्रति सक्कल भौचर पेश गर्नु पर्ने ।

(इ) लेखा परिक्षण प्रतिवेदनका साथमा लेखा परिक्षकको लेखा परिक्षण प्रमाणपत्र र नवीकरण भएको प्रमाण समेत पेश गर्नु पर्ने ।

६) रेडियो ऐन, २०१४ तथा सोको नियमावली २०४९ बमोजिम केवुल प्रसारणको उपकरण (रेडियो यन्त्र) को विवरणको प्रमाणीत प्रतिलिपि पेश गर्नु पर्ने ।

७) के कति पे च्यानल प्रसारण भएका छन् र निशुल्क च्यानल प्रसारण भएका छन् सोको अध्यावधिक विवरण ।

उपरोक्त कागजात एवं विवरण र दस्तुर सहित निवेदन गरेका केवुल प्रसारण संस्थाको इजाजतपत्र नवीकरण गरि इजाजतपत्रमा जनाई सोको अभिलेख राखी नवीकरण भएका केवुलहरुको मासिक प्रगति विवरण अनुसूची १ बमोजिमको ढांचामा प्रत्येक महिनाको पहिलो हप्ता भित्र अनिवार्य रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।

## केवुल प्रसारण संस्थाको अनुगमन, निरिक्षण गर्दा अपनाउनु पर्ने कार्यविधि :

१) आफ्नो जिल्ला भित्र के कति केवुल प्रसारणमा रहेका छन् र तिनिहरु मध्ये के कतिले राष्ट्रिय प्रसारण ऐन, नियम बमोजिम इजाजतपत्र लिए, नलिएको नवीकरण गराए, नगराएको स्थलगत निरिक्षण र अनुगमन गरि सोको अभिलेख राखी नियमन गर्नु पर्ने ।

२) प्रसारणमा रहेका केवुलले रेडियो यन्त्रको लाईसेन्स लिए/नलिएको नियमित भए/नभएको हेरी नियमन गर्ने ।

३) केवुल प्रसारण संस्थाले प्राप्त गरेको प्रसारण इजाजतपत्रमा उल्लेखित लाइन क्षमता कति छ र ग्राहक संख्या समेत हेरी ग्राकवाट लिएको मासिक शुल्क, जडान खर्च भिडान गरी अध्यावधिक विवरण लिने ।

४) केवुलवाट प्रसारण हुने कार्यक्रमको प्रसारण हुने संस्थासंग र आधिकारिक वितरकसंग संझौता भए नभएको अनुगमन गर्ने । ग्राहकसंग लिने शुल्कमा भ्याट (VAT)विल प्रयोग गरे नगरेको हेरी अभिलेख राख्ने ।

५) निर्दिष्ट समयभित्र अर्थात आ.व. समाप्त भएको ६ महिना भित्र लेखापरिक्षण गराए/नगराएको सरकारलाई वुझाउनु पर्ने रोयल्टी समयमा वुझाए/नवुझाएको हेरी नियमन गर्ने ।

६) केवुल प्रसारण संस्थाका संचालक को को हुन्, कम्पनी ऐन र संस्था दर्ता ऐन बमोजिम दर्त भएका संस्थाहरुको वैठक समय समयमा वस्ने गरेको छ, छैन नवसेको भए कम्पनी ऐन /संस्था दर्ता ऐन अनुसार गर्न लगाउने र संचालकको विवरण राख्ने ।

७) केवुल प्रसारक कम्पनीले आफ्नो स्याहा, श्रेस्ता, खाताहरु प्रचलित कानून बमोजिम दुरुस्त राखे, नराखेको हेरी नराखेको भए राख्न लगाउने ।

८) प्रसारण हुने कार्यक्रमवाट उपभोक्ता (ग्राहक) कति सन्तुष्ट छन् सोको सामान्य सर्भेक्षण गर्ने र सोको पृष्ठपोषण (Feed Back) केवुल प्रसारकलाई समेत दिने ।

९) जिल्ला भित्र राष्ट्रिय प्रसारण ऐन, नियम बमोजिम इजाजतपत्र नलिई केवुल प्रसारण भएको पाईएमा त्यस्तो प्रसारण वन्द गराई केवुल प्रसारण भएको मिति देखि वन्द भएको मिति सम्मको लेखा परिक्षण गर्न लगाई केवुल प्रसारण गर्ने संचालक/अध्यक्षलाई सो लेखा परिक्षण सहित नियमनको लागि मन्त्रालयमा पठाउने । यस कार्यका लागि आवश्यक परेमा जिल्ला प्रशासन कार्यालयको सहयोग लिने ।

१०) केवुल कम्पनीहरुले च्यानलहरु KU Band का DTH (Direct to Home ) वाट अनधिकृत रुपमा सिग्नल प्राप्त गरी देखाउन सक्ने हुंदा यस्तो कार्य भएको भए रोकी पे-च्यानलका आधिकारिक वितरक मार्फत संझौता गरेर मात्र प्रसारण गर्ने, गराउने व्यवस्था गर्ने ।

११) अनधिकृत रुपमा DTH प्रविधि मार्फत केवुल प्रसारण भइरहेको पाईएमा तत्काल रोकी कारवाहीको लागि मन्त्रालयमा पठाउने ।

१२) केवुल प्रसारकवाट उपभोक्ताले सेवा प्राप्त गर्ने हुंदा स्तरिय कार्यक्रम प्रसारण गर्न केवुललाई प्रोत्साहन गर्ने गराउने ।

उपर्युक्त बमोजिम केवुल प्रसारण संस्थाहरुको अनुगमन निरिक्षण गरी सोको अभिलेख राख्नु पर्नेछ । यसरी राखीएको अभिलेख र अनुसूची ३ र ४ बमोजिमको ढांचाको विवरण मन्त्रालयमा अनिवार्य रुपमा पठाउनु पर्ने छ ।

## जिल्ला हुलाक कार्यालयले राख्नु पर्ने राजश्व बिबरण:
## (क) नवीकरण दस्तुरको विवरण:

### अनुसूची १

| क्र.सं. | केवुल प्रसारण संस्थाको नाम र ठेगाना | कुल ग्राहक संख्या | लाइन क्षमता | नवीकरण दस्तुर | भौचर नं. र मिति | नवीकरण मिति | वुझाएको वैंकको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## (ख) प्रसारण तथा वितरण शुल्क (रोयल्टी) ४ % को विवरण

### अनुसूची २

| क्र.सं. | केवुल प्रसारण संस्थाको नाम र ठेगाना | कुल ग्राहक संख्या | लाइन क्षमता | आ.व.को लेखा परिक्षणवाट देखिएको कुल आम्दानी रु.. | ४% ले हुने रोयल्टी बुझाएको शुल्क रकम रु | भौचर नं. र मिति | बैकको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## इजाजतपत्र नलिइ वा नवीकरण नगराई संचालन भएका भए त्यस्ता केवुलहरुको विवरण

## अनुसूची ३

| क्र.सं | केवुलको नाम र ठेगाना | संचालकको नाम र ठेगाना | केवुल संचालन भएको मिति | केवुल वन्द भएको मिति | कुल ग्राह संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## DTH प्रविधिवाट केवुल संचालन/प्रसारण भएको भए सोको विवरण:

## अनुसूची ४

| क्र.सं | DTH प्रयोग गर्ने संस्था/व्यक्तिको नाम | च्यानलको नाम र संख्या | ग्राहक संख्या | DTH सुरु भएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

केवुल प्रसारणको नवीकरण, अनुगमन एवं निरिक्षण गर्न जिल्ला हुलाक कार्यालयलाई अधिकार प्रत्यायोजन भए पछि सूचना तथा संचार मन्त्रालयवाट गरिनु पर्ने कार्यको विवरण:

१) सवै जिल्लाका केवुल प्रसारणको इजाजतपत्र भएको सक्कल फाईल जिल्लागत छुट्याई अभिलेख खडा गर्ने ।

२) जिल्ला हुलाक कार्यालयवाट नवीकरण कार्य हुने भएपछि यस मन्त्रालयमा रहेका जिल्ला भित्रका फाईल एवं कागजात देहाय बमोजिम गर्ने
   (क) सक्कल इजाजतपत्र, कम्पनीको प्रवन्ध पत्र र नियमावली र पछिल्लो मितिमा रोयल्टी वुझाएको रसिदको प्रतिलिपि जिल्ला हुलाक कार्यालयमा पठाउनु पर्ने ।
   (ख) सक्कल इजाजतपत्र जि.हु.का. मा पठाए पछि सोको छायांप्रति मन्त्रालयको फाईल राख्ने

३) नवीकरण, अनुगमन एवं निरिक्षण कार्यको लागि जिल्ला हुलाक कार्यालयलाई अधिकार प्रत्यायोजन भए पछि अव मन्त्रालयवाट केवुल प्रसारणको इजाजतपत्र दिंदा ३ तीन वटा इजाजतपत्र वनाउनु पर्ने । १ प्रति सक्कल जिल्ला हुलाक कार्यालयमा १ प्रति सम्वन्धीतको लागि र १ प्रति सक्कल मन्त्रालयमा अभिलेखको लागि राख्नु पर्ने ।

४) सक्कल फाईल जिल्ला हुलाक कार्यालयमा पठाउनु पर्ने हुंदा यस कार्यका लागि करिव ३५० फाईलको छायांप्रति (Photocopy) गर्नु पर्ने हुन्छ । सो कार्य सम्पन्न गर्न धेरै समय लाग्ने हुंदा श्रव्य दृश्य तथा प्रसारण शाखामा हाल रहेको जनशक्तिलाई कार्यालय समय अघि पछि र विदाको दिनमा समेत काममा लगाउनु पर्ने देखिंदा टिप्पणीमा पेश भए बमोजिम अतिरिक्त समय (Overtime) काम गर्न लगाउन स्वीकृती हुनु पर्ने ।

५) सक्कल प्रमाणपत्र र छायांप्रति कागजात संलग्न राखी प्रत्येक केवुलको छुट्टा छुट्टै फाइल खडा गरी जिल्लागत रुपमा अभिलेख तयार गर्ने र सो अभिलेख जिल्ला हुलाक कार्यालयमा बुझाउने ।

६) केवुल प्रसारणको इजाजतपत्र नवीकरणको लागि दस्तुर सहित म्याद भित्रै निवेदन दिएको तर नियमानुसार वुझाउनु पर्ने रोयल्टी नवुझाएको र कागजात नपुग भई रोयल्टी वुझाउन र कागजात पेश गर्न पत्राचार गरिएका केवुल कम्पनीहरुको फाइल समेत हुलाक कार्यालयमा पठाउने ।

७) नवीकरण नभई स्वत: रद्द भएका केवुल कम्पनीको फाईल मन्त्रालयमै राख्ने ।

८) राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १४ बमोजिम प्रसारण सम्वन्धी कार्य बन्द गरीएका केवुल कम्पनीहरुको सरकारी रकम लिन वांकी हुने भएकोले त्यस्ता फाईलहरु मन्त्रालयमै राखी कारवाही गर्ने ।

९) कुनै केवुल प्रसारणको इजाजतपत्र नवीकरण गराउन म्याद भित्रै निवेदन सहित दस्तुर वुझाएको तर रोयल्टी समयमा नवुझाएको कारण नवीकरण हुन नसकेको रहेछ भने रोयल्टी रकम वुझाएपछि त्यस्तो केवुल प्रसारणको जुनसुकै आ.व.को भए पनि नवीकरण गरि दिई अभिलेखमा जनाउन हुलाक कार्यालयलाई जानकारी गराउने ।

१०) केवुल नवीकरण/निरिक्षण/अनुगमनका प्रकृया एवं पद्धतीका सम्वन्धमा पहिलो पटकको लागि श्रव्यदृश्य तथा प्रसारण शाखाका कर्मचारीहरुलाई काजमा पठाई जिल्ला हुलाक कार्यालयका कर्मचारीहरुलाई विषय वस्तुका सम्वन्धमा आवश्यक छलफल गरी जानकारी (Orientation) दिन समेत लगाई कागजात एवं फाइल वुझाउन लगाउने ।